# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## १ नं प्रदेश, नेपाल

**सेवा करार गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति:-२०७७/०८/१७)**

प्रस्तुत विषयमा सङ्घीय सरकारबाट यस कार्यालयमा प्राप्त शशर्त अनुदान तर्फ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्याक्रम (मेडपा) सञ्चालनको लागि आवश्यक लघुउद्यम विकास सहजकर्ता सेवा करारमा पदपूर्तिको लागि माग भए बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | सेवाको किसिम | संख्या | परीक्षा किसिम |
|---|---|---|---|---|
| १ | ४/०७७/०७८ | उद्यम विकास सहजकर्ता | २ जना | अन्तरवार्ता |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उर्तीर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्‌बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

घ) उमेर :- निर्देशिकाको दफा ६ बमोजिमको योग्यता भएको र फिल्डमा कार्य गर्नसक्ने जुनसुकै उमेरको व्यक्ति ।

ङ) लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायीक सीप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने ।

२. **दरखास्त दिने स्थान :-** देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी ।

३. **दरखास्त दिने अन्तिम मिति** :-२०७७/०८/२३ गते सम्म, सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म ।

४. **आवेदनको दस्तुर** :- रु. १०००/- (एक हजार रुपैया मात्र)

५. **दरखास्त दस्तुर बुझाउने स्थान** : देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवानगञ्ज-२, सुनसरी को आन्तरिक राजस्व खाता NIC Asia बैंक, ईनरुवा शाखाको खाता नं.२४३२०५००२६४५५००७ मा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ ।

६. **दरखास्त फारम** : देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट www.dewanganjmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

७. **छनौटको किसिम** :- अन्तरवार्ता । (डिल्लोमा कोर्ष गरेका वा तह तीनका सहजकर्तालाई प्राथमिकता)

८. **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,

- नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपि
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात-पत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

९. **सेवा सुविधा:-** गाउँपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

१०. **कराराबाट सम्पादित गर्नुपर्ने कार्यविवरण** :- सङ्घीय सरकारको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्याक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम हुनेछ ।

११. **सम्पर्क मिति** : २०७७/०८/२४

१२. **परिक्षाको मिति** : दरखास्त संकलन काम सकिएपछि देवानगञ्ज गाउँपालिकाको वेवसाइटमा राखिनेछ ।

१३. **सम्पर्क** : Email Id dewanganjmun@gmail.com ,Website: www.dewanganjmun.gov.np

**नोट : मिति २०७७/०८/१७ गतेको सूचनामा अन्यथा भएकोले सच्याएको ।**

२०७७/८/१८

..................

चुडामणि गुरागाई

प्रमुख प्रशासकीय अधिकृत